# दृष्टीबिहीन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापन

त्रिभुवन बिश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यावस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्ष (कोर्षनं. ५९८) को आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएका

## शोध पत्र


शोध कर्ता

भवानी ओझा

परीक्षा रोल नम्बर : २१४००११ (२०६५)

त्रि.वि दर्ता न. २०९७६-९५

शैक्षिक वर्ष : २०६३/०६४

सुकुना बहुमुखी क्याम्पस

शिक्षा शास्त्र सकांय शैक्षिक

योजना तथा व्यावस्थापन विभाग

कोशी हरैचा मोरङ


चैत्र, २०७२


दृष्टीबिहीन वालवालिकाहरुको शैक्षणिक व्यवस्थापन भवानी ओझा २०७२

## कृतज्ञता ज्ञापन

यस शोध कार्यलाई उचित ठहर्याइ अध्ययन कार्यमा प्रविधिक,विषयगत एवं बौद्धिक पक्षमा महत्वपूर्ण सल्लाह , सुझाव ,हौसला एवं निर्देशन दिएर पथ प्रदर्शन गर्नुहुने उपप्राध्यापक आदरणीय श्री लक्ष्मी कुमार श्रेष्ठ ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका लागि बेलाबेलामा आवश्यक सल्लाह र सुझाव दिनुहुने सह प्रध्ययापक श्री ऋषिराज धिमाल प्रति आभारि छ । यो शोधपत्र मुल्याङन गरी उचित ठहर्याइ मुल्याङन समिति प्रति हार्दिक आभार ब्याक्त गर्दछु ।

यो शोध र्कायमा पुर्णता दिने अध्यायन क्षेत्र उपलव्ध गराइ दिनु भएकोमा नमुना छनोटमा परेको बिद्यालय प्रति आभार प्रकट गर्दछु । शोध कार्यलाइ पुरा  गर्न शोधकर्ताले पठाएको प्रश्नावली भरेर वा अन्तवार्तामा सहभागी भई सहयोग गर्नहुने नमुना बिधालयको प्र.अ स्रोत शिक्षक, आया,वि.व्य.स अध्यक्ष , सम्बन्धित स्रोत ब्याक्ति , अभिभावक र बिर्द्यार्थीहरु सबैमा कृतज्ञता ब्याक्त गर्दछु ।  उच्च अध्ययानका लागी समय मिलाइ दिएकोमा म आफु  कार्यरत बिद्यालय श्री कालीका मा.बि नाँगीन १ पाँचथर प्रति आभार ब्याक्त गर्दछु । आफ्नो  अमुल्य समय साधन र स्रोत  खर्च गरेर  उच्च शिक्षा प्राप्त  गर्ने अवसर एवं प्ररणा तथा हौसला प्रदान गर्नु  भएकोमा पवनीय माता पिता साथै सम्पूर्ण परिवारजन प्रति सदैव ऋणी छु ।

अन्त्यमा यो शाध कार्यलाई पुर्णता दिन प्रत्यक्ष वा परोक्ष रुपमा सहयोभग गर्नुहुने सम्पूर्ण व्याक्तिहरु र शोधपत्र टाईप गरि अमुल्य सहयोग गरिदीनुहुने सहयात्रि शिक्षक श्री मोहन कार्की प्रति पनि हार्दीक कृतज्ञता ज्ञापन गर्दछु साथै यो शोध पत्र  सम्बद्ध सबै ब्याक्ति तथा संघ संस्थाहरुका लागि उपयोगी हुने बिश्वास समेत गर्दछु ।

भवानी ओझा

# शोध सार

शिक्षा प्राप्त गर्नु सवैको नैसर्गीक अधिकार भएकोले समाजका विकलाङ वालवालिकाहरुको शिक्षा तथा तालिमको अवस्थाका वारेमा अध्ययन गर्न **'दृष्टिविहिन वालवालिकाहरुको शैक्षणिक व्यावस्थापन'** शिर्षकमा यो शोध अध्ययन सम्पन्न गरिएको छ यस शोध अध्ययनको मूख्य उद्धेश्य विशेष शिक्षा स्रोत कक्षाको शैक्षणिक व्यवस्थापनको स्थिति पत्ता लगाउनु रहेको छ ।

विशेष शिक्षा स्रोत कक्षाको शैक्षणिक व्यावस्थापनमा संलग्न प्र.अ.,स्रोत शिक्षक , आया र सम्वन्धित अन्य पक्षहरु विचको प्रत्यक्ष सम्वन्धले व्यावस्थापनलाई प्रभाव पार्ने हुदा व्यावस्थापनका सिद्धान्तहरु मध्ये जर्ज इल्टन मायो र मरी पार्कर फोलेटको मानव सम्वन्ध सिद्धान्त तथा शिक्षामा निष्पक्षता सिद्धान्त यस सोध अध्ययनको शैद्धान्तिक खाकाको रुपमा लिइएको छ । यस अध्ययनमा उदेश्यपूर्ण नमूना छनोट विधि प्रयोग गरी श्री फिदिम स्रोत केन्द्रको गढि मा.वि.कक्षाका स्रोत शिक्षकहरु , प्र.अ. आया , स्रोत व्यक्ति , वि.व्य.स.अध्यक्ष , विद्यार्थीहरु र अभिभावकहरु संग प्रश्नावली , छलफल र स्थलगत सर्वेक्षणका माध्यमवाट तथ्याङकसंकलन गरीएको थियो ।

यस अध्ययनमा स्रोत कक्षाहरुको आवास भवन पूर्णरुपमा घेरावारा नभएको , भवन आवासको मापदण्ड अनुरुप नवनेको , छात्रछात्राहरुका लागि छुट्टा छुट्टै आवास भवन नवनेको पाइयो। भवनमा झ्याल डोका पर्याप्त नभएको खाना वनाउने सामग्रीहरु पर्याप्त रहेपनि उपयुक्त भौतिक सामान सहितको नरहेको पाइयो । कक्षामा दृष्टिविहिनहरुका लागि आवश्यक व्रेल वुकहरु प्रसश्त मात्रामा रहेको पाइयो । विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापको अवस्था सन्तोष जनक पाइएन । शैक्षणिक व्यावस्थापनमा प्र.अ. , स्रोत शिक्षक र आयाको भुमिका महत्वपूर्ण पाइयो । भने महंगीको अनुपातमा सरकारी अनुदान तलव र भत्ता वृद्धि नभएको पाइयो । शैक्षणिक व्यावस्थापनमा आर्थिक स्रोत जुटाउनका लागि सरकारी र गैर सरकारी गएर संस्थाहरु संग समन्वय नगरीएको विद्यार्थीहरुलाई चिकित्सा सेवा उपलव्ध नगराइएको स्वास्थ्यप्रद वसाईका लागि आवश्यक भौतिक सुविधाको लागि व्यावस्था गर्नू पर्ने निष्कर्ष निकालिएको छ ।

विशेष प्रकारको शिक्षाको आवश्यकता भएको असाधारण बालवालीकाहरुलाई शिक्षा प्रदान गर्न स्रोत कक्षाको आवास व्यवस्थापनमा मात्र सुधार गरेर गुणस्तरिय र प्रभवकारी शिक्षा प्रदान गर्न सकिन्छ भन्नु एक पक्षय बुझाई मात्रा हुन जान्छ । तसर्थ विशेष शिक्षाको स्रोत कक्षामा अध्यायनरत विद्यार्थीहरुलाई गुणस्थरीय शिक्षा र व्यावसायीक तालीम तथा सीप प्रदन गर्न निम्न क्षेत्र तथा

विषयहरुमा विशेष शिक्षा सग सरोकारीलाहरुले थप अध्ययन अनुसन्धान गर्न सक्ने गरी सुझावहरु प्रस्तुत गरीएको छ ।

विशेष शिक्षा का अपेक्षा र उपलब्धिहरु ,विशेष शिक्षाको शैक्षिक अवस्थाको व्यवस्थापन,आर्थिक अवश्थाको व्यवस्थपन भौतिक अवश्थाको व्यवस्थपन,प्रशासनिक अवस्थाको व्यवस्थपन, बिशेष शिक्षाको व्यवस्थापनमा संलग्न व्यक्ति तथा संस्थको भूमिका,विशेष शिक्षाको स्रोतको व्यवस्थापन आदी पक्षहरुमा थप अनुशन्धान हुनजरुरीरि छ ।

विशेष शिक्षाका सम्वन्धमा छुट्टै निति र पाठ्यक्रम निर्माण गर्नु पर्ने, दृष्टिविहिन वालवालिकाहरुलाई शिक्षा तथा तालिमको व्यवस्था गरी रोजगारीका विभिन्न क्षेत्र साथै राज्यको निकायमा पहुँच पऱ्याउन आरक्षणको व्यावस्था गर्नु पर्ने, आवासको भौतिक तथा शैक्षिक स्थिति सुधार्न सरकारी अनुदानलाइ महंगीको अन्तरमा बृद्धि गरिनु पर्ने, व्यावस्थापनमा आर्थिक स्रोत जुटाउन सरकारी र गैरसरकारी संस्था तथा व्यक्तिहरुसंग समन्वय गर्नु पर्ने देखिन्छ ।

# विषयसूचि


परिच्छेद एक

परिचय १-७

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्यहरु ६

१.५ अनुसन्धान प्रश्नहरु ७

१.६ अध्ययनको परिसिमा ७

परिच्छेद दुई

सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैदान्तिक खाका ८-१३

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ अध्ययनको सैद्धान्तिक खाका ११

२.३ पुनरावलोकनको उपादेयता १२

परिच्छेद तीन

अध्ययन विधि १४-१७

३.१ अनुसन्धान ढाँचा १४

३.२ अध्ययनको जनसंख्या तथा नमुनाको आकार १४

३.३ तथ्याङ्कको स्रोत १५

३.३.१ प्राथमिक स्रोतहरु १५

३.३.२ सहायक स्रोतहरु १५

३.४ अध्ययनका साधनहरु १५

३.४.१ प्रश्नावली १६

३.४.२ अनुसन्धान तथा अध्ययनका लागि विद्यालय सर्वेक्षण फारम १६

३.४.३ विद्यार्थीका लागि लक्षित समूह छलफल १६

३.५ तथ्याङ्क संकलन प्रक्रिया १६

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १७

परिच्छेद चार

नतिजाको छलफल १८-२८

४.१ आवासिय व्यावस्थापनको स्थिति १८

४.१.१ आवासीय व्यावस्थापनको भौतिक अवस्था १८

४.१.२ स्रोतकक्षाका वालवालिकाहरुको शैक्षणिक व्यावस्थापनको अवस्था २३

४.२ शैक्षणिक व्यावस्थापनको आर्थिक अवस्था २५

४.३ शैक्षणिक व्यावस्थापन सँग सम्वद्ध व्यक्ति र संस्थाहरु २५

४.४ शैक्षणिक व्यावस्थापनमा देखिएका समस्या र न्यूनिकरणका उपायहरु २६

४.४.१ शैक्षणिक व्यावस्थापनमा देखिएका समस्याहरु २६

४.४.२ शैक्षणिक व्यावस्थापनलाई प्रभावकारी वनाउने उपायहरु २७

परिच्छेद पाँच

निष्कर्ष र सुझाव २९-३३

५.१ निष्कर्ष २९

५.२ सुझावहरु ३१

५.२.१ नितिगत तह ३१

५.२.२ अभ्यास तह ३२

५.२.३ अनुसन्धान तह ३२

सन्दर्भ ग्रन्थहरु

अनुसूचीहरु